नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)

प.स. २०७७/०७८
च.नं.

०९३-४२०१३३ प्रजिअ
०९३-४२००४७ सप्रजिअ
०९३-४२०२१४ Ext
०९३-४२००७८ DEOC
०९३-४२००१४ फ्याक्स
email:daodarchula@moha.gov.np
web:daodarchula.moha.gov.np
खलंगा, दार्चुला


मिति २०७७।०९।१५

## दार्चुला स्थित अन्तराष्ट्रिय सीमा नाकाहरुबाट यात्रुहरुको आवागमन सम्बन्धी सूचना।

प्रस्तुत विषयमा "विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ कोरोना भाईरस रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरु लगायत अन्य मित्रराष्ट्रहरुले चालेको प्रयास र अनुभवसमेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरुलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तराष्ट्रिय सीमानामा रहेका स्थलमार्गबाट नेपाल प्रवेश गर्ने सबै प्रवेश बिन्दु र खुल्ला सिमानाको जुनसुकै स्थानबाट हुन सक्ने यात्रुहरुको आवागमन अर्को व्यवस्था नभए सम्म स्थगित गर्ने गरी निरन्तरता दिने" भनि मिति २०७७।०८।३० गतेको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकको निर्णय प्राप्त भएको साथै हाल दक्षिण अफ्रिकामा फेला परेको कोभिड-१९ को नयाँ (New Covid-19 Variant) भाईरसबाट समेत सुरक्षित रहने सन्दर्भमा गृह मन्त्रालयको पत्र प्राप्त भएको हुँदा यस जिल्लाको हकमा अत्यावश्यक कार्य (शुभ विवाह, दाह संस्कार, काज क्रिया, रोजगारी, औषधि उपचार, पेन्सन) का लागि भारत जानुपर्ने आवश्यकता रहेका नेपाली नागरिकहरुलाई भारत जान प्रयोजनार्थ सहजीकरणका लागि तपशिल बमोजिम कागजात संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबै सर्वसाधारणहरुको जानकारीका लागि यो सूचना जारी गरिएको छ । उल्लेखित अवस्था बाहेक दार्चुला जिल्ला स्थित नेपाल भारत सीमा नाकाबाट यावत जावत स्थगित गरिएको छ ।

तपशिल

१. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
२. नेपाली नागरिकता प्रमाण पत्रको छायाँप्रति
३. रु. १० को टिकट टाँस गरिएको निवेदन
४. कार्य प्रयोजनसंग सम्बन्धित अन्य कागजातहरु

शरद कुमार पोखरेल
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी